YUNNAN DAILY PRESS GROUP

Issue No. 8

# CHINA · YUNNAN

YUNNANEXPRESS
english.yunnan.cn

JANA AASTHA NATIONAL WEEKLY

वर्ष २४, अंक २१, २०७५ साल साउन ९ गते बुधवार
YEAR 24, ISSUE 21, JULY 25, 2018



### सुधार र खुलापनका चार दशक

## डोनान : सानो गाउँबाट एशियाको ठूलो फूल शहरसम्म

हरेक दिनको बेलुका ४ बजे, विभिन्न फूल लादेका गाडीहरू चारैतिरबाट डोनान शहरमा आउँछन् । यी फूलहरू यहाँ लेनदेन गरी देशविदेशमा पठाइन्छन् । यस्ता व्यस्त दृश्यहरू राति २ बजेसम्म जारी रहन्छन् ।

यो देश-विदेशमा नाम चलेको डोनान फूल बजार हो । प्रत्येक दिन २०-३० हजार व्यापारीहरू यहाँ आएर व्यापार गर्छन् । दिनमा १०० भन्दा बढी वर्गका १६०० किसिमका फूलहरू यहाँ क्रय-विक्रय हुन्छन् । अनि दिनमा औसत १ करोड ६५ लाख फूलहरू खरिद-बिक्री भई कारोबार रकम १ करोड २९ लाख ४० हजार युआन पुग्छ । दश वर्षदेखि लगातार वार्षिक व्यापार मात्रा, कारोबार रकम, नगद मात्रा, मानव प्रवाह मात्रा र निर्यात रकम देशमा पहिलो स्थानमा आएको छ । सन् २०१७ सालमा डोनान शहरमा फूलको कारोबार रकम ५ अरब ३५ करोड ५० लाख युआन पुगेको थियो । जम्मै ६ अरब ५० करोड फूलहरू यहाँबाट देशभरका विभिन्न ठाउँमा बेचिएका थिए ।



त्यानची तालको दक्षिण किनारमा परेको एउटा सानो गाउँबाट एशियाको ठूलो फूल बजार बनेको डोनान शहर ३० भन्दा बढी वर्ष पार गरिसक्यो । ३० वर्षअघि २४ वर्षीय डोनान गाउँले ह्वा मिङशङले ठूलो साहसी प्रयास गरेका थिए । उनले आफ्नो अनुबन्धित भूमिमध्ये एक सानो भाग निकालेर ग्लेडियोलस (gladiolus) रोप्न थाले । 'स्थानीय साथीले मलाई बताए, एक ग्लेडियोलस ०.३ युआन बेच्न सकिन्छ । त्यसैले मेरो मन कल्पिहाल्यो ।' ह्वाले भने । त्यसबेला उनको परिवार मुख्यत: सागसब्जी रोप्थे । एक किलोग्राम सागसब्जी बढीमा ०.१ युआन बिक्न सक्थ्यो । ग्लेडियोलस फूल फुलेको समयमा उनी हरेक बिहान २० किलोमिटरको साइकल चढेर खुनमिङ शहरको बाइथा सडकको फूल बजार पुऱ्याउँथे । अनि दिउँसो घर फर्कन्थे । त्यही सालमा उनले आफूले रोपेको फूल बेचेर १६० युआन कमाए । यसपछि उनले तुरुन्तै बाली परिवर्तन गरेर आफ्नो परिवारको सबै भूमिमा फूल रोपे ।

छिटै सारा डोनान गाउँका हरेक परिवार फूल रोप्न थाले । शुरुमा रोपेको ग्लेडियोलसदेखि बिस्तारै गुलाब, जिप्सोफिला (Gypsophila) र कार्नेशन्स (Carnation) आदि धेरै किसिमका फूलहरू रोप्न थाले अनि रोप्ने क्षेत्रफल पनि वृद्धि भयो ।

सन् १९९४ सालमा डोनान गाउँले झण्डै १ हेक्टर जमिन प्रयोग गरेर एउटा ठूलो फूल बजार बनायो । ३ वर्ष मात्र बितेर यो बजार सानो जस्तो लाग्यो । अनि १९९७ सालमा फेरि त्यसको वरिपरिमा स्थल चयन गरेर पुनर्निर्माण गर्न लाग्यो । २००१ सालमा शाङघाईस्थित चौधौं जिनिज मुखालयको प्रमाणीकरण गरेपछि डोनान फूल बजार चीनमा मात्र होइन एशियामा समेत सबभन्दा ठूलो फूल व्यापार बजार हो । २०१२ सालमा कुल लगानी ५ अरब युआन र नियोजित क्षेत्रफल ६८ हेक्टरको अन्तर्राष्ट्रिय फूल उद्योग पार्कको निर्माण शुरु भयो । २०१५ मार्चमा करिब २० हेक्टरको उद्योग पार्कको पहिलो परियोजना - 'फूल संसार' उपयोगमा ल्यायो ।

डोनान एशियाको सबभन्दा ठूलो फूल व्यापार केन्द्र बनेपछि फूल कृषकहरूले पनि आफ्ना हैसियत परिवर्तन गरेका छन् । उनीहरू फूल बेच्ने, ढलाल गर्ने, रसद गर्ने, प्याकेजिङ गर्ने गर्छन् । २०१७ सालमा डोनान समुदायको कुल आर्थिक आय २४ करोड ४० लाख युआन पुगेको छ, प्रति व्यक्ति आय १६३०० युआन छ ।

२००२ डिसेम्बर २० तारिखको बिहान, खुनमिङ अन्तर्राष्ट्रिय फूल लिलामी व्यापार केन्द्र (KIFA) डोनानमा आधिकारिक रूपमा खुला भएको थियो । यो डोनान फूल बजारको सफल रूपान्तरणको एक महत्वपूर्ण माइलस्टोन हो ।

खुनमिङ फूल लिलामी व्यापार केन्द्रका महाप्रबन्धक चाङ लीका परिचयअनुसार, केन्द्रको परिचालनले डोनान फूल बजार अन्तर्राष्ट्रिय बजारमा प्रचलित मूल्य निर्धारण, गुणस्तर मानक प्रणाली आदिका नियमहरूसँग जोडिदिन्छ । १६ वर्षको विकासपछि KIFA अब देशभरिको सबैभन्दा ठूलो र एशियामा दोस्रो ठूलो फूल व्यापार केन्द्र बनेको छ । २०१७ सालमा, KIFA ले विभिन्न किसिमका १ अरब १० करोड ४० लाख फूलहरू लिलामी गऱ्यो । अनि प्रतिफूलको औसत लिलामी मूल्य ०.९२ युआन पुग्यो । लिलामका कुल संख्या र औसत मूल्य सबै नयाँ उचाइमा पुग्यो ।

डोनान निरन्तरले अगाडि बढ्दै छ । भविष्यमा डोनान विश्वको सबभन्दा ठूलो फूल व्यापार केन्द्र, एशियामा सबभन्दा ठूलो फूल अनुसन्धान क्षेत्र र चीनमा पहिलो फूल विशेषतायुक्त शहर बन्ने छ ।

*(चाङ यानझुन)*

**आवाज**

## चीन आफ्नो विकास गर्नुबाहेक विश्वलाई पनि हित गर्ने

जुन २८ तारिख, चिनियाँ राज्य परिषदको सूचना कार्यालयले 'चीन र विश्व व्यापार संगठन' नामक श्वेत पत्र जारी गरेको छ । यसमा विश्व व्यापार संगठनमा सामेल भएपछि चीनले आफ्नो प्रतिबद्धता पूरा गरेको अभ्यासबारे व्यापक रूपमा परिचय दिइएको, बहुपक्षीय व्यापारिक प्रणालीको निर्माणमा चीनका सिद्धान्त, दृष्टिकोण र नीतिको विवेचना गरिएको, उच्च स्तरीय खुलापनलाई अघि बढाउने चीनको अभिलाषा र क्रियाकलाप स्पष्टीकरण गरिएको र खुलापन गर्ने संकल्प पनि देखाइएको छ ।

यो चीनले यसबारे प्रकाशित पहिलो श्वेतपत्र हो । नयाँ युगको ऐतिहासिक प्रारम्भ बिन्दुमा आएर चिनियाँ ढोका अझ विस्तृत खुला हुनेछ । यस वर्षको अप्रिलमा, चिनियाँ राष्ट्रपति सी चिनफिङले बोआओ एशिया मञ्चको २०१८ वार्षिक सम्मेलनको उद्घाटनमा मुख्य भाषण दिँदै चीनले खुलापनको विस्तार गर्ने नीति निर्देशन र भारी कदम जानकारी दिनुभयो । तिनमा ठूलो मात्रामा मार्केट पहुँच विस्तृत गर्ने, गतिशील लगानी पर्यावरणको सिर्जना गर्ने, बौद्धिक सम्पदा अधिकारको संरक्षण सुदृढ पार्ने, प्रभावकारी आयात विस्तार गर्ने आदि विषयहरू छन् ।

यस सालको नोभेम्बरमा, चीनले पहिलो अन्तर्राष्ट्रिय आयात एक्स्पो आयोजना गर्ने भएको छ । यो चीनले सक्रिय रूपमा बजार खुला गर्ने नीतिको महत्वपूर्ण घोषणा र कार्यवाही पनि हो । यो वर्ष चिनियाँ विशेषतायुक्त स्वतन्त्र व्यापार बन्दरगाह निर्माणको आरम्भिक वर्ष हो ।

चीनले विश्व व्यापार संगठन केन्द्रित रहेको बहुपक्षीय व्यापार प्रणालीलाई विश्व व्यापारको आधारशीला र विश्व व्यापारको विकास अघि बढाउने तथा विश्व खुला अर्थतन्त्र निर्माणको मुख्य भूमिका मानेको छ । आजको विश्वमा आर्थिक ग्लोबलाइजेशन अपरिवर्तनीय प्रवृति हो । चीनले व्यावहारिक कार्यद्वारा बहुपक्षीय व्यापार प्रणालीको समर्थन गरेको छ ।

विश्व व्यापार संगठनमा चीनको प्रवेश आफ्नो विकास मात्र गर्दैन, विश्वलाई पनि लाभ गर्छ र विश्व अर्थतन्त्रमा जाँगर र शक्ति पुऱ्याउँछ । चीन सक्रिय रूपमा सार्वजनिक उत्पादनहरू उपलब्ध गराउँछ । 'वेल्ट र रोड' निर्माण अगाडि बढाउने गरी अवसर र हितको शेयर गर्छ । अहिले विश्व आर्थिक ग्लोबलाइजेशनको प्रतिप्रवाह बहिरहेको छ । विश्व व्यापार संगठन र बहुपक्षीय व्यापार प्रणालीमा चुनौती परेका छन् । यस पृष्ठभूमिमा चीनले श्वेत पत्र जारी गरी खुलापन र सहयोगको जीत-जीत अवधारणा प्रदर्शित गर्दै फेरि विश्व अर्थ विकासको नेतृत्व गर्न जिम्मेवार महादेशको कर्तव्य बोक्ने छ ।

*(जन दैनिक अखबारको विदेशी संस्करणबाट संक्षिप्तीकृत, लेखक : सु स्याउहुइ, चिनियाँ अन्तर्राष्ट्रिय अध्ययन संस्थानअन्तर्गत अन्तर्राष्ट्रिय रणनीति अध्ययन संकायका उप-निर्देशक)*

**छिमेकी**

## नेपालमा चिनियाँ मार्शल आर्ट प्रदर्शन

जुलाई ३ तारिख, चिनियाँ संस्कृति केन्द्र नेपाल र नानजिङ संस्कृति, प्रसारण तथा सूचना विभागले आयोजना गरेको 'चिनियाँ मार्शल आर्ट प्रदर्शन' काठमाडौंमा आयोजित भएको छ ।

यस कार्यक्रममा उपस्थित चिनियाँ राजदूत यु हुङले भनिन्, मार्शल आर्ट (वुशु) चिनियाँ परम्परागत संस्कृतिको एक महत्वपूर्ण भाग हो । विश्वमा बढीभन्दा बढी मानिसलाई चिनियाँ संस्कृति जानाकरी गराउनु र मन पराउनु हमेशा चिनियाँ जनताको सपना हो । यस पटकको वुशु प्रदर्शन नेपाली जनतालाई चिनियाँ वुशु मन पराउने अनि चीन-नेपाल खेलकुदको विकास र आदानप्रदानमा योगदान गर्ने आशा छ ।

नेपाली अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीका अध्यक्ष श्रेष्ठले प्रदर्शनमा भाषण दिँदै नेपाल र चीन दुई देशबीचका खेलकुद आदानप्रदानको इतिहास र सहयोगको यथास्थिति जानकारी दिए । उनले भने, चिनियाँ वुशु संसारमा प्रसिद्ध छ । ब्रुस ली र जैकी चैन आदि सुपर स्टारसँग सबै नेपाली परिचित छन् । हालसाल धेरै नेपाली जवानहरू चिनियाँ वुशुप्रति उत्सुक छन् । 'यस पटकको प्रदर्शन दुवै पक्षको खेलकुद आदानप्रदान थप प्रोत्साहन दिने आशा गर्दछु ।' प्रदर्शनमा हस्त सिंह नृत्य 'नाचिरहेको जिनलिङ', क्यूगोंग प्रदर्शन 'शाओलिन हार्ड क्यूगोंग' आदि चिनियाँ वुशु विशेषतायुक्त कार्यक्रममा दर्शकहरू ताली बजाउँछन्, प्रशंसा गर्छन् र वाहवाह गर्ने उद्गार गर्छन् । नेपाली स्थानीय विद्यार्थीहरूले देखाएका लोकगीत र लोकनृत्यले पनि यो वुशु प्रदर्शनलाई सार्थक तुल्याएका छन् ।


*(चीन समाचार नेट चाङ छनयी)*

**इकोलोजिकल**

## स्याङगुछिङ : युन्नान गोल्डन बाँदरको अनौठो घर

'ले...लेले, ले...लेआ...' बिहान ९ बजेतिर, युन्नान बाइमा हिमाल राष्ट्रिय प्राकृतिक आरक्षित क्षेत्र तथा डिछिङ तिब्बती स्वाशासित प्रदेशअन्तर्गत विसी जिल्ला थाछङ नगरको स्याङगुछिङमा वनपाले यु ज्यानह्वाले सधैं जस्तै ली ली जातीय भाषाका लामो धुनले बाँदरहरू बोलाउँदै एक एक पाइनका डिल हाँगामा वा झाडीमा झुण्ड्याइरहेका छन् ।

उनको आवाज सिद्धिने बित्तिकै वनजंगलमा लहरका लहरै आयो । 'चि..चिचि..., एन...एनएन...' जवाफ आवाज आउँदै काला र सेता छायाहरू छिट्टै आइपुगे । स्याङगुछिङ रमाइलो भयो । बाइमा हिमाल राष्ट्रिय प्राकृतिक आरक्षित क्षेत्रको प्रमुख प्रजाति मानिने युन्नान गोल्डन बाँदरहरूले यहाँ बढी हेरचाह पाएका छन् । अहिले तिनीहरू मानिससँग केही डराउँदैनन् ।



स्याङगुछिङको यो बाँदर समूहमा अचेल ७० भन्दा ज्यादा बाँदरहरू छन् । जसमा ११ बाँदर परिवार र १ 'भाले बाँदर परिवार' (सबै भाले बाँदर छन्) समावेश छन् । 'हरेक परिवारका भाले बाँदर धेरै व्यक्तिगत छन् । साहसी, विचारशील, कडा, कोमल, जुन खालका स्वभाव पनि हुन सक्छन् । तर तिनीहरूको साझा विशेषता के हो भने आफ्नो घरपरिवार जोगाउन सक्ने, सकेसम्म चलाख हुने, पर्याप्त खाना पत्ता लगाउने र सुरक्षित पैदल मार्ग बन्दोबस्त गर्ने हुन्छन् ।'

२० वर्षसम्म बाँदर पालेको यु ज्यानह्वाले धेरै मार्मिक बाँदर कथाहरू देखे । हालसाल सुरक्षा उपायहरू राम्रा हुँदै गएकाले स्थानीय गोल्डन बाँदरको मात्रा दिनदिनै बढ्दै जान्छ ।

*(चेन छवाङ्ये चेन फे)*

**युन्नानमा विदेशीहरू**

## बंगलादेशी विद्यार्थी साङदी : युन्नानमा जीवन राम्रो, मौसम पनि राम्रो

साङदीलाई भेट्ता उनले एउटा बाक्लो कोट लगाएका छन् । हुनत गर्मी ऋतु आएको छ, तापनि खुनमिङमा बादलमय हुनाले तापक्रम १६ डिग्री मात्र छ । अरू शहरको ३० डिग्रीको तुलनामा खुनमिङ शहर मानिसले इर्ष्या गर्ने 'बेग्लै शहर' हो । 'खुनमिङ साँच्चै वसन्तुको शहर हो !' साङदीले उद्गार गरे । 'युन्नानको विकास तीव्र छ, जनताको जीवन पनि राम्रो छ । तर एउटै सराहनीय कुरा के छ भने यहाँको वायु पनि त्यति राम्रो छ, मौसम पनि राम्रो ।'

साङदी बंगलादेशबाट आएका हुन् । अहिले उनी खुनमिङ चिकित्सा विश्वविद्यालयमा चिकित्सा तथा सर्जरी स्नातक डिग्री पढ्दैछन् । यो साल उनी युन्नान आएको छैटौं साल हो । '६ वर्षअगाडि मैले एसएलसी पास गरेपछि विदेशमा पढ्न जाने इच्छा गरें । नेपाल शिक्षा मन्त्रालयबाट युन्नान प्रान्तले बंगलादेशका विद्यार्थीलाई छात्रवृत्ति दिने खबर मैले थाहा पाएँ । त्यसबेला शिक्षा मन्त्रालयका शिक्षकले मलाई खुनमिङको सिफारिस गरे । खुनमिङका विश्वविद्यालय, हावापानी र खानपिन आदिका स्थिति राम्रो जानकारी लिएपछि मलाई यहाँ राम्रो ठाउँ जस्तो लाग्छ', साङदीले विस्मण गर्दै भने ।

युन्नान आएपछि साङदीले आफ्नो रोजाइ एकदमै बुद्धिमानी भएको महसुस गरे । ६ वर्षदेखि उनले युन्नानको सबवे, हाइस्पीड रेल, हवाईसेवा आदिको निरन्तर विकासका साक्षी गरे । उनले बारम्बार भने, 'धेरै छिटो भयो ! धेरै छिटो भयो !' एकातिर यातायातको परिवर्तन छिट्टै भयो । अर्कोतिर यातायातका माध्यम पनि छिट्टै बदल्यो । साङदीले सम्झे, चिनियाँ सुधार र खुला नीति धेरै अचम्म हुन्छ । युन्नानमै बसेर सुधार र खुलापनले आमजनतालाई पुऱ्याएका लाभहरू महसुस गर्न सकिन्छ । 'विकास गर्नाका साथै वातावरणको संरक्षण गर्नु धेरै असजिलो कुरो हो ।' साङदीले यसो भन्दै जेठी औंला पनि उठाएर प्रशंसा गरे । उनले भने, बिदाको समयमा म युन्नानका विभिन्न ठाउँमा भ्रमण जान्छु । जतातत्तै हरियाली र स्वच्छ पानी देख्न पाइन्छ । युन्नान धेरै सुन्दर छ !'

*(ली हनछ्याङ)*

**गरिबी निवारण, साझा समृद्धि**

## किवी (Kiwi) रोपेर गरिबी निवारणमा मद्दत

गर्मीको ऋतुमा, मुडिङ जिल्लाअन्तर्गत स्युजिए गाउँको गान हाइजी लाल दिल किवी रोपाइ क्षेत्रमा प्रवेश गर्दा घनी फलहरू रूखको हाँगामा झुण्डिएको देखेर मुखमा पानी आएजस्तो लाग्छ । किवी उद्योगको विकास गरेर गरिबी निवारणमा मदत दिने दृश्य पत्रकारको आँखा सामुने आएको छ । 'म यहाँ गोडमेल गरेर दिनमा १०० युआन कमाउन सक्छु । पहिलेको खेती गरेभन्दा धेरै राम्रो भएको छ ।' किवी रोपाइ क्षेत्रमा प्रबन्ध कार्य गर्ने लो युङजिआङले हाँसेर भने । पहिले उनको परिवार झण्डै एक चौथाइ हेक्टर जग्गाको खेती गर्थे । तीन जनाको परिवारको वार्षिक आयले बल्लबल्ल जीवन बिताउन सक्थे । किवी रोपाइ क्षेत्र बनेपछि उनले आफ्नो परिवारको सबै जग्गा यस रोपाइँ क्षेत्रका साहुलाई भाडामा दिए । उनी आफै पनि यस क्षेत्रमा मजदुरी गर्छन् । 'म मजदुरी गरेर दिनमा १०० युआन कमाउँछु । जग्गा जमिनको भाडा महिनामा ३००० युआन भएकोले मेरो वार्षिक आय ३० हजार युआन भन्दा बढी छ । मेरो जीवन धेरै धनी भएको छ ।'

'केही वर्षअगाडि गाउँमा धेरै गरीब थियो । धेरै मानिसहरूले आफ्नो गाउँ छोडेर वाह्य गई मजदुरी गर्नुपर्दथ्यो । अहिले लाल दिल किवी रोपाइ क्षेत्र बनिसकेपछि धेरै गाउँलेहरू आफ्ना खेतबारी भाडामा दिएर यस क्षेत्रमा काम गर्न सक्रिय छन् ।' गाउँका पार्टी सचिव जिन चियाङले भने । ग्रामीन स्तरीय सरकारले वाह्य लगानी भित्र्याउने माध्यमबाट च जिआङ र सिचुआन प्रान्तका दुई जना निवेशक भित्र्याएर सिनट् यान र गानहाइची पिङचाङमा ६६ हेक्टरको लाल दिल किवी रोपाए, किसानको आम्दानी पनि बढाए । गोडमेल गर्ने र कीटनाशक औषधि छर्कने कामदारहरूमध्ये धेरैजसो आफ्ना घरमा बूढाबूढी र बच्चाबच्चीलाई हेरचाह गर्नुपर्ने र बाहिर गएर मजदुरी गर्न नसक्ने किसानहरू हुन् । यस लाल दिल किवी रोपाइ क्षेत्र बनेपछि सबै समस्या हल भइसकेका छन् । कामदारहरूमध्ये ६० वर्षीय लो छ्यावचुले उद्गार गर्दै भने, आफूजस्तो उमेर ढल्किएका बूढाबूढीहरू बाहिर गई ज्यालाको काम गर्न पाउँदैनन् । 'तर अब राम्रो भइसक्यो । यो किवी रोपाइ क्षेत्र बनाइएपछि प्रबन्धदेखि टिप्ने कामसम्म पानी परेको दिनबाहेक दिनदिनै गर्न सकिन्छ, पैसा कमाउन सकिन्छ ।'

'आउँदो समयमा हामी छिमेकी गाउँहरूलाई पनि आकर्षित पारेर सँगसँगै काम गर्न तयार छौं ।' पार्टी सचिव जिनले आत्मविश्वासका साथ भने, 'पोहर साल हाम्रो गाउँमा सरकारी वित्तीय सहायता जम्मै ५० लाख युआन थियो । एउटा शीत भण्डारण र गाउँपालिकादेखि किवी क्षेत्रसम्मको सिमन्ट सडक बनाइए । आघौं हामी किवी रोप्ने क्षेत्रफल अझै बढाउने गरी अधिक किसानहरूलाई थप आय पुऱ्याउनेछौं ।'

*(राउ युङ डाइ जुनफेन)*


## लान-मे पत्रकारद्वारा युन्नान खुलापनको प्रशंसा

केही दिनअगाडि पहिलो लानछाङ-मेकिङ नदी (संक्षेपमा लान-मे नदी) किनारा देशका सूचना अधिकारी र मिडिया रिपोर्टर तालिम कार्यक्रम युन्नानमा आयोजित भएको छ ।

यस पटकको तालिम युन्नान दैनिक अखबार समूहले आयोजना गरेको हो । नौ दिने तालिम अवधिमा कम्बोडिया, लाओस, थाइल्याण्ड र बर्मा आदि देशबाट आएका १५ शिक्षार्थीहरू र युन्नान दैनिक अखबार समूहका पत्रकारहरूले सँगसँगै लान-मे नदी किनारा देशबीचका नीति कम्युनिकेशन, सुविधा कनेक्टिभिटी, वाणिज्य आदानप्रदान, वित्तीय सम्बन्ध र मानिसको दिल संवाद निरन्तर

**बेल्ट र रोड**

गहिरिएको अनुभव गरेका छन् । एक बिहान, लिनछाङ शहरको मङडिङ गाउँस्थित छिङस्वीह नाका कार्गो निरीक्षण क्षेत्रमा १० भन्दा बढी चिनियाँ र बर्मेली ट्रकहरू अडिएका छन्, जो कार्गोको निरीक्षण पर्खंदै छन् । छिङस्वीह नाका र बर्मा पहाड नदीले जोडिएको छ । यहाँदेखि बर्मेली क्यौक्प्यु (Kyaukpyu) बन्दरगाहसम्म ९८३ किमि छ । यो युन्नान प्रान्त दक्षिण एशिया र दक्षिण-पूर्व एशियासँग जोडिने सुविधायुक्त स्थल मार्गमध्ये एक हो ।



'चीन र बर्मा राम्रा दाजु-भाइ हो ।' बर्मेली सञ्चार एवं सार्वजनिक सम्बन्ध विभागका सहायक समीक्षक ऊ म्योमाउनमाउनले (U MyoMaungMaun) निर्माणधीन हाइस्पीड राजमार्ग देखेर बहुत उत्तेजित भएर भने, 'मलाई लाग्छ, छिनस्वीह बन्दरगाहका सीमा निरीक्षण प्रणाली र सीमा शुल्क निकासी प्रणाली एकदमै पूर्ण र कुशल छन्, दुई देशबीचको व्यापार र लोक आदानप्रदानका लागि धेरै सुविधा पाइन्छन् ।' सिमाना बासिन्दाहरू फिंगरप्रिन्ट प्रमाणीकरण प्रणालीद्वारा आफ्ना पहिचान सूचनाको जाँच गरेको देखेर लाओस् 'विएंताइन टाइम्स' का संवाददाता भिजिथ टेप्पालाथले (Visith Teppalath) अनौठो सहसुस गरेका छन् । चीन-बर्मा सिमाना व्यापार र मानिसहरूको सम्पर्क दिनदिनै बढ्दै गएकाले छिनस्वीह बन्दरगाहका फैसिलिटी निरन्तर स्तरवृद्धि हुँदैछ । सन् २०२० सालमा सम्पन्न हुने नयाँ राष्ट्र गेट पुरानो गेटदेखि ९०० मिटर छ । लिनछाङ-छिङस्वीह हाइस्पीड सडक यो गेटको बीचमै सीधै पारित गर्ने छ ।

बन्दरगाहबाहेक लान-मे पत्रकार तालिम पाठ्यक्रमका विद्यार्थीहरूले 'चीनमा ताई जाति कागज बनाउने पहिलो गाउँ'को नाममा चिनिने गन्मा ताई-वा जातीय स्वशासित जिल्लाअन्तर्गत मङडिङ नगरको मांगट्वान गाउँमा आएर ताई जातिको हस्त शिल्प कागज बनाउने संस्कृतिको आकर्षक शक्ति पनि अनुभव गरेका छन् । मांगट्वान ताई जातीय कागज बनाउने हस्तशिल्पको ६०० भन्दा बढी वर्षको इतिहास छ आजसम्म । कागज बनाउने उद्योग आजको मांगट्वान गाउँको महत्वपूर्ण आय वृद्धिको माध्यम भएकोले गत साल हस्त निर्मित कागज १५ लाख पुगेको अनि बिक्री आय ४० लाख युआन भएको थाहा पाएपछि कम्बोडियन सूचना मन्त्रालयका सल्लाहकार एवं राजनीतिक र वित्तीय विभागका उपप्रमुख लोङ सेङ्गले (Long Seng) जेठी औंला उठाए । उनले भने, 'यो ग्रामीन विकास र समृद्धिको राम्रो अनुभव हो । हाम्रो यस पटकको भ्रमण एकदमै सार्थक छ ।'

*(वाङ ह्वान, वाङ शिश्वे शेंग यान)*